स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: ०७९।८०

च.नं

मिति: २०७९।१०।०४

**साना व्यावसायिक कृषि उत्पादन केन्द्र ( आलु पकेट ) विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आवहान सम्बन्धि सूचना ।**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९/१०/०४ गते**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हेलम्बु गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिका भित्र व्यावसायिक कृषि उत्पादन केन्द्र ( आलु पकेट ) विकास केन्द्र कार्यक्रम संचालन हुने भएकाले उक्त कार्यक्रममा सहभागी हुन चाहाने ईच्छुक व्यवसायिक कृषि फर्म , उद्यमी , कृषक समुह ,कृषि सहकारीले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा (२०७९/१०/१०) यस हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा सुचिकृत गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रम | न्यूनतम क्षेत्रफल | खर्च शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | आलु पकेट | १० हेक्टर ( २०० रोपनी ) | २६३३२ | कार्यक्रममा ५० % साझेदारी गर्नुपर्नेछ वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्यन म्यानुवल अनुसार संचालन गरिनेछ । |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :</u>

१. सम्बन्धित निकायमा कृषि फर्म , कृषक समुह ,कृषि सहकारी दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

२. जग्गा धनी प्रमाणपत्रको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्षको सम्झौता पत्र ।

३. निवेदकको नागरिकताको प्रमाणपत्र को प्रतिलिपी ।

४.कार्यक्रम संचालान प्रस्तावना सहितको कार्यसमितिको निर्णय प्रतिलिपी ।

५. अनुसूची ६ र ७ बमोजिमको फारम ।

६. सम्बन्धित वडा कार्यालको सिफारिस पत्र ।

**नोट :** अनुसूचीको विवरण सम्बन्धित वडा कार्यालमा उपलब्ध हुने व्यहोरा अनुरोध छ

...............................

उदयराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत